annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २४, अंक ५२ पृष्ठ ८ | काठमाडौं, शुक्रबार ६ असार २०८२ | आषाढ कृष्णपक्ष नवमी नेपाल संवत् ११४५ | FRIDAY, JUNE 20, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०



कभर स्टोरी

## ५० वर्षलाई पुग्ने मिथेन ग्यास दैलेखमा

दैलेखले खुसीको खबर दिएको छ । जहाँ, मुलुकलाई ५० वर्ष पुग्ने मिथेन ग्यासको भण्डार रहेको चिनियाँ अनुसन्धानकर्ताले पत्ता लगाएका छन् । अब समयमै यसको व्यावसायिक उत्खनन र उत्पादन थाल्ने हो भने विदेशबाट आयात गर्नुपर्दैन । स्वदेशमा रोजगारीको सिर्जनादेखि पैसा पनि बचत हुनेछ । अर्कोतिर, पेट्रोलियम पदार्थ आयात गर्दा भइरहेको ठूलो व्यापार घाटा कम गर्ने छ । यति मात्र होइन, अन्य सम्भावित स्थानहरूमा पनि सरकारले बेलैमा अध्ययन र अनुसन्धान गरेर प्राकृतिक स्रोत साधनको उपभोग गर्ने नीतिलाई कार्यान्वयनमा लैजानुपर्छ ।

**हिक्मतबहादुर नेपाली** | *दैलेख*

– को रिपोर्ट

समाचार पृष्ठ २

दैलेखको भैरबी गाउँपालिका–१ जलजलेस्थित पेट्रोलियम पदार्थ अन्वेषण परियोजनाअन्तर्गतको ड्रिलिंगस्थल । ● हिक्मतबहादुर नेपाली

## चर्चामा इरानको फोर्डो आणविक भट्टी

**तेहेरान** (एजेन्सी) : इरानको दक्षिण भाग अवस्थित पहाडी क्षेत्रको गहिराइमा लुकेको फोर्डो आणविक भट्टी अहिले चर्चाको विषय बनेको छ। इजरायल र इरान युद्ध तीव्र बनिरहेका बेला फोर्डो आणविक भट्टीको चर्चा चल्न थालेको हो। फोर्डो आणविक भट्टी प्लान्टलाई अत्यन्त गोप्य रूपमा निर्माण गरिएको मानिन्छ। यसको गहिराइ बेलायत र फ्रान्सलाई जोड्ने टनेलभन्दा पनि तल रहेको बताइएको छ।

इरानी अधिकारीहरूले फोर्डोलाई 'नागरिक उद्देश्यका लागि मात्र प्रयोग हुने' बताएका छन्। तर, इजरायलले यस स्थललाई इरानको आणविक महत्त्वाकांक्षाको केन्द्र भन्दै त्यसको अस्तित्वलाई खतराको रूपमा लिँदै आएको छ। इजरायली रणनीतिक दृष्टिले यो स्थल इरानको आणविक हतियार विकास रोक्ने प्रयासमा महत्त्वपूर्ण लक्ष्यका रूपमा देखिन्छ। सुरक्षा विशेषज्ञहरूका अनुसार इजरायलको हतियार क्षमताले फोर्डो आणविक भट्टीलाई नष्ट गर्न सक्दैन। यसलाई नष्ट गर्न सक्ने हतियार केवल अमेरिकासँग मात्र रहेको छ। यसैबीच अनुसन्धानकर्ताहरूको एक टोलीले फोर्डो आणविक भट्टी रहेको स्थानको दृश्य सार्वजनिक गरेको छ।

## पीपीएमा 'टेक एन्ड पे' व्यवस्था फिर्ता लिने समझदारी



**सुनिता कार्की** | *काठमाडौं*

सत्तासीन कांग्रेस र एमालेले 'टेक एन्ड पे' व्यवस्थालाई बजेटबाट हटाउने समझदारी गरेका छन्। प्रधानमन्त्री निवास बालुवाटारमा बुधबार भएको सत्तागठबन्धनका शीर्ष नेताको बैठकले बजेट संशोधन गर्दै टेक एन्ड पे (लेउ र तिर) व्यवस्था हटाउन सहमति जनाएको ऊर्जा मन्त्रालय स्रोतले बतायो। प्रधानमन्त्री केपी शर्मा ओली र कांग्रेस सभापति शेरबहादुर देउवासहित अर्थमन्त्री विष्णु पौडेल, परराष्ट्रमन्त्री आरजु राणा, गृहमन्त्री रमेश लेखक, ऊर्जामन्त्री दीपक खड्का, कांग्रेस महामन्त्री गगन थापा लगायतको बैठकले आगामी बजेटमा व्यवस्था भएको टेक एन्ड पे हटाउने समझदारी गरेको हो।

बजेटबाट उक्त व्यवस्था हटाउने कार्ययोजना बनाउने जिम्मा अर्थमन्त्री र ऊर्जामन्त्रीलाई बैठकले दिएको स्रोतले बतायो। बैठकमा ऊर्जामन्त्रीले सरकारले अघि सारेको ऊर्जाविकास मार्गचित्र २०८१ कार्यान्वयन गर्न, लक्षित बिजुली भारतमा निर्यात गर्न, आन्तरिक माग धान्न यो व्यवस्थाले गाह्रो पार्ने उल्लेख गर्दै यसलाई बजेटबाट हटाउन उपयुक्त हुने भनाइ राखेका थिए।

प्रधानमन्त्री ओलीले 'ट्रान्समिसन लाइन कसले बनाउने त' भन्ने जिज्ञासा राखेका थिए। जवाफमा ऊर्जामन्त्री खड्काले ट्रान्समिसन लाइन बनाउने जिम्मा राज्यको हुने भएकाले राज्यले नै व्यवस्था गर्नुपर्ने तर्क गरेका थिए। प्रधानमन्त्री ओलीले, 'त्यसो भए यो हटाउनका लागि अर्थमन्त्री र ऊर्जामन्त्रीले गृहकार्य गर्नुहोला' भनेर बैठकको समापन गरेका थिए। हाल संसद्मा बजेटमाथि छलफल चलिरहेको छ। यही असार १० गते संघीय संसद्बाट बजेट पारित गराउने तयारी छ।

» बाँकी पृष्ठ ६

## थाई प्रधानमन्त्रीको पद धरापमा

**बैंकक** (एजेन्सी) : बढ्दो सीमा विवादलाई लिएर कम्बोडियाका शक्तिशाली पूर्व नेतासँग भएको फोन वार्ता सार्वजनिक भएपछि थाइल्यान्डकी प्रधानमन्त्री पेटोङटार्न शिनावात्रालाई पदबाट हट्न बढ्दो दबाब परेको छ। १७ मिनेटको उक्त फोन वार्ताको सेनाले आलोचना गरेको थियो।

देशमा व्यापक आक्रोश फैलाउने यो काण्डले वर्षौंदेखिको राजनीतिक अशान्ति र नेतृत्व परिवर्तनले ग्रस्त देशमा नयाँ अनिश्चितता ल्याउने देखिएको छ। ३८ वर्षीया पेटोङटार्नले पदबाट हटाइएका अर्का प्रधानमन्त्रीलाई प्रतिस्थापन गरेपछि १० महिना मात्र प्रधानमन्त्री पद सम्हालेकी छिन्।

यो समस्या यस्तो समयमा आएको छ जब दक्षिणपूर्वी एसियाली यस राज्य आफ्नो बिरामी अर्थतन्त्रलाई बढावा दिन संघर्ष गरिरहेको छ। कर दण्डबाट बच्न संयुक्त राज्य अमेरिकासँग व्यापार सम्झौताको वार्ता गरिरहेको छ। आफ्नो छिमेकी कम्बोडियासँग बढ्दो सीमा विवादमा फसेको छ।




## आलमलाई सफाइ दिने न्यायाधीशमाथि छानबिन सुरु

**दिनेश गौतम** | *काठमाडौं*

न्याय परिषद्ले उच्च अदालत जनकपुर, अस्थायी इजलास वीरगन्जमा कार्यरत न्यायाधीशद्वय डा. खुसीप्रसाद थारू र अर्जुन महर्जनमाथि छानबिन अघि बढाएको छ। थारू र महर्जनलाई बिहीबार काजमा काठमाडौं तानिएको छ। रौतहट, राजपुर नगरपालिका-४ फरहदवा गाउँमा भएको बम विस्फोटका अभियुक्त पूर्वमन्त्री मोहम्मद आफताब आलमलाई सफाइ दिएको विषयमा छानबिन गर्न न्यायाधीशद्वय थारू र महर्जनलाई काठमाडौं झिकाइएको छ।

२०६४ चैत २७ गते फरहदवास्थित आलमको काकाको घरमा बम बनाउने क्रममा विस्फोट भएको थियो। परिषद् स्रोतले भन्यो, 'न्यायाधीशद्वय थारू र महर्जनले आलमलाई सफाइ दिएको विषयमा पीडित पक्षबाट उजुरी परेको छ। त्यसको छानबिनका लागि काठमाडौं झिकाइएको हो।' न्यायाधीशद्वय थारू र महर्जनलाई काजमा हाजिर हुने गरी तानिएको हो। २०८१ वैशाख १३ गते जिल्ला अदालत रौतहटका न्यायाधीश मातृकाप्रसाद आचार्यले तत्काल प्राप्त प्रमाणको अवलोकन र अध्ययनबाट आलम निर्दोष रहेछन् भन्ने अवस्था



खुसीप्रसाद थारू



अर्जुन महर्जन

नदेखिएको उल्लेख गर्दै पुर्पक्षका लागि कारागार चलान गर्ने फैसला गरेका थिए।

जिल्ला अदालतको आदेशविरुद्ध आलमले उच्च अदालतमा पुनरावेदन गरेका थिए। जेठ १४ गते उच्च अदालतका न्यायाधीशद्वय डा. थारू र महर्जनको संयुक्त इजलासले वारदातस्थलको प्रमाण पुष्टि हुन नसकेको, ठोस सबुत प्रमाण पेस नभएको ठहर गर्दै जिल्ला अदालतको आदेश उल्ट्याएका थिए। उच्च अदालतबाट सफाइ पाएकै दिन नख्खु कारागारमा रहेका आलम रिहा भएका थिए। कारागारबाट छुटेलगत्तै आलमलाई मस्तिष्कघात भएको थियो। उपचारपश्चात आलम घरमै आराम गरिरहेका छन्।

जेठ १६ गते अधिवक्ता युवराज सफलले छानबिनको माग गर्दै न्याय परिषद्मा उजुरी दर्ता गरेका थिए। त्यस्तै बम विस्फोटनमा छोरा गुमाएका श्रीनारायण सिंहले पनि बुधबार उजुरी दिएका थिए।

**मोसो फ्याँकेपछि इजलासमा बसेनन्**

जेठ २९ गते इजलासमै बसिरहेको बेला थारू र महर्जनमाथि नेकपा बहुमतका कार्यकर्ता बताउने व्यक्तिहरूले मोसो फ्याँकेका थिए। आफूमाथि मोसो फ्याँकिएको जनाउँदै न्यायाधीशद्वय थारू र महर्जनले इजलासमा बसेर न्याय सम्पादन गर्न छोडेका थिए। त्यसपछि सर्वोच्च अदालतका न्यायाधीशको अध्यक्षमा छानबिन समिति गठन गरिएको परिषद् स्रोतले जनाएको छ।

चुनावमा नेपाली कांग्रेसबाट उम्मेदवारसमेत रहेका आलमको निर्देशनमा विस्फोटन स्थलमा जान स्थानीय बासिन्दा, प्रहरीलाई रोक लगाइएको थियो। घटनास्थल पुगेका अधिकारकर्मी कृष्ण गौतमका अनुसार, घटनाको विवरण लिने क्रममा कुनै पनि संघ-संस्थालाई बम विस्फोट भएको घरमा जान दिइएको थिएन।

अधिकारकर्मी गौतमले भन्छन्, 'निर्वाचनमा बुथ क्याप्चर गर्नका लागि भारतबाट बम बनाउन मानिसहरू ल्याएका र बम बनाउँदै गर्दा प्राविधिक गडबडी भएका कारणले बम विस्फोट भएको पाइएको थियो। बम बनाउँदै गरेको घरको छाना पूरै उडेको स्थानीय बासिन्दाको भनाइ थियो।'

» बाँकी पृष्ठ ६